का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक १६३
❒ १४ साउन २०७८, बिहीबार
❒ 29 July 2021, Thursday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

## पदको लोभ !

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ साउन ।

नेकपा माओवादी केन्द्र त्यागेर एमाले प्रवेश गरेका चार नेताले सर्वोच्च अदालतमा रिट दायर गरेका छन् । आफूहरुले एमालेको सदस्यता नलिएका र माओवादी केन्द्रकै नेता भएकाले सांसद पद पुनर्बहालीको मागदावी सहित लेखराज भट्ट, टोपबहादुर रायमाझी, प्रभु साह र गौरीशंकर चौधरी अदालत गएका हुन् ।

२३ फागुनमा सर्वोच्च अदालतले साविकको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता प्रक्रिया भंग गरेर एमाले र माओवादी केन्द्र ब्युताएपनि यी नेताहरु माओवादी फर्किएका थिएनन् । ५ पुसको प्रतिनिधिसभा विघटन गरेका एमाले अध्यक्ष केपी शर्मा ओलीलाई साथ दिएकाले माओवादी केन्द्रको निर्णयमा २७ चैतमा यी नेताहरु सांसदबाट पदमुक्त भएका थिए ।

> नेकपा माओवादी केन्द्र छोडेर नेकपा एमाले प्रवेश गरेका चार नेता सांसद पद पुनर्वहालीको मागदावी सहित सर्वोच्च अदालत गएका छन् । उनीहरुले एमाले प्रवेश नगरेको र माओवादीमै रहेको दावी गरेका छन् ।

अहिले यी नेताहरुले संविधानको धारा १३३ को उपधारा (२) र (३) बमोजिम उत्प्रेषण तथा परमादेश लगायत अन्य उपयुक्त आदेश जारी गरी सांसद पद पुनर्बहालीको माग गरेका छन् । माओवादी केन्द्र, निर्वाचन आयोग, संघीय संसद् सचिवालय, माओवादी केन्द्रका अध्यक्ष तथा संसदीय दलका नेता पुष्पकमल दाहाल 'प्रचण्ड'लाई विपक्ष बनाएर रिट दायर गरिएको छ ।

रिट निवेदनमा २०७४ सालमा सम्पन्न प्रतिनिधि सभाको निर्वाचनमा संविधानको धारा ८४ (१) को (क) बमोजिम निर्वाचित भएको र संविधानको धारा ८५ वमोजिम निर्वाचित भएको मितिले पाँच वर्षसम्म रहने व्यवस्थाअनुसार सो पदमा रहनुपर्ने माग गरिएको छ ।

रिट निवेदनमा संविधान र प्रचलित कानूनले निर्धारण गरेको आधार बिना नै सांसद पद रिक्त गर्न गरिएको निर्णय संवैधानिक र कानूनी व्यवस्था प्रतिकूल रहेको उल्लेख गरिएको छ । दल त्याग गरेको आधारमा आफ्नो सांसद पद रिक्त गरिएको नभई दल त्यागको आरोप लगाई दलबाट निष्काशन गरिएको यी नेताहरुले दावी गरेका छन् । बाँकी पृष्ठ २ मा



काभ्रेपलाञ्चोकको बनेपा-५ घोकेचौरस्थित धान खेतभित्र झार उखेल्दै किसान । तस्वीर : पेमा लामा

## लचिला ओली, अडिग नेपाल



> आन्तरिक विवाद हल गर्न नसक्दा एकपछि अर्को नोक्सान खेपिरहेको नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली केहीदिन यता मौन देखिएका छन् भने बरिष्ठ नेता माधवकुमार नेपालले आफ्नो समूहको छलफललाई जोड दिएका छन् ।

**सन्दीप विक/मध्यान्ह**
काठमाडौं, १३ साउन ।

नेकपा एमालेका बरिष्ठ नेता माधवकुमार नेपालले बुधबार प्रधानमन्त्री शेरबहादुर देउवालाई विश्वासको मत दिने सांसदहरुसँग छलफल गरेका छन् । बानेश्वरस्थित एक कार्यालयमा नेता नेपालले प्रधानमन्त्री देउवालाई विश्वासको मत दिने २२ सांसदहरुको छलफल राखेका छन् । ३ साउनमा प्रधानमन्त्री देउवालाई नेता नेपाल सहित २२ सांसदले विश्वासको मत दिएका थिए ।

सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनर्स्थापना गर्दै नेपाली काँग्रेसका सभापति देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश दिएको थियो । देउवालाई काँग्रेसका ६१, माओवादी केन्द्रका ४९, जनता समाजवादी पार्टी (जसपा) का ३२, एमालेमा २२ र राष्ट्रिय जनमोर्चाका एक सांसदले विश्वासको मत दिएका थिए । तर देउवालाई विश्वासको मत दिएका एमालेका २२ सांसदलाई अध्यक्ष केपी शर्मा ओलीले कारबाही प्रक्रिया अगाडि बढाएका थिए ।

तर फेरि ओली आफै अडिए । स्पष्टिकरण सोधेर पनि फेरि फिर्ताको निर्णय लिएका थिए । त्यस यता ओलीले चर्को अभिव्यक्ति दिएका छैनन् । जबकी प्रधानमन्त्रीबाट पदमुक्त भएपछि अध्यक्ष ओली नेता नेपाल विरुद्ध आक्रोशित हुँदै आएका थिए । अध्यक्ष ओलीले नेता नेपाललाई गद्दारको आरोप लगाएका थिए । बालुवाटारबाट बालकोट फर्किएका ओलीले बार्दलीमा उभिएर नेता नेपाललाई गद्दारको आरोप लगाए ।

त्यसपछि एक्लौटी स्थायी कमिटी र केन्द्रीय कमिटी बैठक बोलाएर नेता नेपाल सहित नेताहरुलाई कारबाही गर्ने चेतावनी दिएका थिए । तर बैठक सकिदा भने स्पष्टिकरण नै फिर्ता लिने निर्णय गरे । यता नेता नेपाल भने आफ्नो अडानमा अडिग छन् । बुधबार सांसदहरुसँग पनि नेता नेपालले आफू अडानमा अडिग रहेको बताएका छन् ।

केही दिन यता लगातार आन्तरिक छलफल गरिरहेका नेता नेपालले दश बुँदेको आधारमा मात्रै पार्टी एकता कायम नरहने बताउँदै आएका छन् । तर अध्यक्ष ओलीले भने नेपाललाई दोस्रो अध्यक्ष स्वीकार्न समेत तयार रहेको संकेत दिएका छन् । केन्द्रीय कमिटी बैठकमा समेत बाँकी पृष्ठ २ मा

## एक दिन समय थप

नेपाली काँग्रेसको क्रियाशील सदस्यता विवरण मिलाउन क्रियाशील सदस्यता छानबिन समितिलाई एक दिनको समय थप गरिएको छ ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १३ साउन ।

आगामी १६-१९ भदौमा निर्धारित नेपाली काँग्रेको चौधौ महाधिवेशन प्रभावित हुने संभावना बढेको छ । वडा अधिवेशन प्रभावित भइसकेको नेपाली काँग्रेसले क्रियाशील सदस्यता समेत टुंग्याउन सकेको छैन । मंगलबारसम्म समय दिइएपनि क्रियाशील सदस्यता छानबिन समितिले विवरण पठाउन नसकेपछि एक दिनको समय थप दिइएको छ ।

कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाको बूढानीलकण्ठस्थित निजी निवासमा बसेको पार्टी पदाधिकारी र पूर्वपदाधिकारी बैठकले समितिलाई विवाद निरुपणका लागि एक दिनको समय प्रदान गरेको प्रवक्ता विश्वप्रकाश शर्माले बताए । बैठक आज पुनः बस्दैछ ।

समितिले बुधबार मात्रै पार्टी पदाधिकारी र पूर्वपदाधिकारी बैठकमा क्रियाशील सदस्यता विवरणसम्बन्धी प्रतिवेदन बुझाएको थियो । २०७७ फागुन ६ गते कांग्रेस केन्द्रीय कार्यसमिति बैठकले आसन्न १४औं महाधिवेशनको प्रयोजनका लागि देशभरका सम्पूर्ण क्रियाशील सदस्यको नामावलीको विवरणलाई अद्यावधिक गरी अन्तिम नामावली तयार गर्न समिति गठन गरेको थियो ।

पार्टीका केन्द्रीय सदस्य रमेश लेखकको संयोजकत्वमा गठित समितिमा केन्द्रीय सदस्य आनन्द ढुङ्गाना, जीवन परियार, श्यामकुमार घिमिरे, प्रदीप पौडेल, कल्याण गुरुङ र योगेन्द्र चौधरी सदस्य छन् । कांग्रेसमा १४ औं महाधिवेशनका लागि पार्टीको क्रियाशील सदस्यता सङ्ख्या आठ लाख ५२ हजार ७११ पुगेको छ ।

बारा र सप्तरी जिल्ला कार्यसमितिको क्रियाशील सदस्यता विवरण ढिला विवरण प्राप्त भएकाले पूरै बाँकी रहेको र पार्टीको समायोजनका कारण सिन्धुपाल्चोक, रसुवा, काभ्रेपलाञ्चोक, धनुषा, सर्लाही, कैलालीका केही क्षेत्रको क्रियाशील सदस्यता विवाद टुङ्गिन बाँकी रहेको समितिले जनाएको छ ।

## होसियार ! सलवलाउन थाले इजरायलका नाममा ठग्नेहरु

### २५० जनाको कोटा पाएको दाबी गरिएको अडियो मध्यान्हलाई प्राप्त

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ साउन

वैदेशिक रोजगार विभागले इजरायलको रोजगारीका जाने कामदार छनोटका लागि आवेदन माग गरेपछि कतिपयले त्यसलाई ठगीको माध्यम बनाउन थालेको पाइएको छ । विभागले मंगलबारदेखि २१ दिनको सूचना जारी गर्दै आवेदन दिन सकिने जनाएको छ । तर अधिकांश रोजगार आकांक्षी युवा युवती विभागको अनलाइन प्रणालीमा आवेदन दिने प्रक्रिया नबुभेर हैरान देखिएका छन् । तर ठगी धन्दा चलाउन चाहने केहीले सरकारले पठाउने एक हजार जनामध्ये २ सय ५० जनाको कोटा लिएको भन्दै रकम र राहदानी संकलन गर्न शुरु गरेको पाइएको छ ।

मध्यान्हले प्राप्त गरेको एक अडियो क्लिपमा सरकारले पठाउने एक हजार जनामध्ये २ सय ५० जनाको कोटा आफुहरुले पाएको भन्दै रकम र राहदानी संकलन गर्न शुरु भैसकेको र अन्यलाई सम्पर्क गर्न आग्रह गरिएको छ ।

अडियोमा भनिएको छ, 'मालिक, इजरायलको हाम्रो अफिसमा २ सय ५० कोटा परेको छ । गुडन्युज, सरकारले एक हजार पठाउने भएपनि हाम्रो अफिसलाई २ सय ५० कन्फर्म भयो । अनलाइन फारम भर्ने हो । अनलाइन फारम भर्ने हो । अनलाइन फारम भरेपछि एउटा लिष्ट दिन्छ । त्यो लिष्ट हामीलाई दिएपछि भयो । मालिक । नर्सहरु, अनमीहरु, अहेवहरु र १२ कक्षा पढेका केटीहरु, केटीहरु वा केटा । इङ्लिस बोल्ने । १२ कक्षा पढेकालाई तीन महिनाको तालिम गरेको प्रमाणपत्र चाहियो । नर्सहरु, अनमीहरु, अहेवहरुलाई परेन । फारम भरेको लिष्ट हामीलाई दिने, तपाईंलाई गुड चान्स ल ।'

विभागले जारी गरको सूचनामा २५ वर्ष पूरा भई ४५ वर्ष ननाघेको उचाई कम्तीमा १.५ मिटर र तौल कम्तीमा ४५ किलो हुनुपर्ने, कम्तीमा १० कक्षा उत्तीर्ण गरी अनमी वा सिएमए सम्बन्धी विषयमा १५ महिनाको अध्ययन वा १२ कक्षा वा सो सरहको शैक्षिक योग्यता हासिल गरी नेपाल सरकारबाट मान्यता प्राप्त तालिम प्रदायक संस्थाबाट केयर गिभिङ सम्बन्धी कम्तीमा तीन महिनाको तालिम लिएको हुनुपर्ने योग्यता तोकिएको छ । उनले यस बारेमा भने खासै केही भनेका छैनन् ।

### वैदेशिक रोजगार विशेष

## हवाई भाडा अचाक्ली भयो, भएन अनुगमन : संघ

**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले अन्तर्राष्ट्रिय उडानको भाडा अनुचितरुपमा बढाइए पनि अनुगमन र नियन्त्रण प्रयास नै नगरेको भन्दै विरोधका कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेको छ ।

संघको प्रमुख कर्तव्य सगठनमा आवद्ध सदस्य व्यवसायीहरु र वैदेशिक रोजगारीमा जाने युवा युवतीहरुको हित संरक्षण गर्नु रहेको भन्दै संघले करिब २ वर्षदेखि वैदेशिक रोजगार व्यवसाय थला परेको र केही समययता कामदारहरु वैदेशिक रोजगारीमा जान थालेको अवस्थामा केही एयरलाइन्स कम्पनीहरुको मिलेमतोमा हवाई भाडा अत्याधिक बढाएको बताएको छ ।

बढाइएको भाडा सम्बन्धमा गठित छानविन समितिले यस विषयमा लामो सयसम्म कुनै प्रतिक्रिया नजनाएको आरोप लगाउँदै संघले अनुचित भाडा नलिन नेपाल सरकारले गरेको निर्णयको गम्भीररुपमा उल्लंघन भएको संघको दाबी छ ।

अनुचित भाडा बढाउँदा व्यवसायी र श्रमिकमाथि दोहन भइरहको भन्दै संघले बिहीबारदेखि नै एयरलाइन्स कम्पनीविरुद्ध विभिन्न विरोधका कार्यक्रम शुरु गर्ने निर्णय गरेको संघका महासचिव सुजितकुमार श्रेष्ठले मध्यान्हलाई बताए ।

## समस्या एकातिर, चिन्ता अर्कैतिर

**दीपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, १३ साउन ।

प्रधानमन्त्री शेरबहादुर देउवाले बुधबार दुई ठूलो राजनीतिक बैठक राखे । प्रधानमन्त्री देउवाले एउटा पार्टी पदाधिकारीको बैठक र अर्को सत्तारुढ गठबन्धनको बैठक राखेका हुन् । पार्टी बैठकले काँग्रेसको क्रियाशील सदस्यता विवरणबारे निर्णय गऱ्यो भने अर्को गठबन्धनको बैठकले मन्त्रिपरिषद् बिस्तारबारे छलफल गरेको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा बसेको गठबन्धनका शीर्ष नेताको बैठकले चाँडो भन्दा चाँडो मन्त्रिपरिषद् बिस्तारलाई पूर्णता दिनेबारे निर्णय गरेको छ । तर मन्त्रिपरिषद् कहिल्यै बिस्तार हुन्छ भन्ने चाहिँ निश्चित गर्न सकेन । बरु स्वास्थ्य राज्यमन्त्री नियुक्तिबारे समीक्षा भएको छ । प्रधानमन्त्री देउवाले गठबन्धनका नेताहरुसँग छलफल नगरी मन्त्री नियुक्त नगर्ने बताएका छन् ।

गठबन्धनमा आवद्ध दलहरुको आन्तरिक समस्या कारण मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेको छैन । गएको २९ असारमा प्रधानमन्त्री नियुक्त देउवाले अहिले पनि ५ मन्त्रीका भरमा सरकार चलाइरहेका छन् । तर दिनहुँ गठबन्धनको बैठक चलिरहेको छ ।

काँग्रेसको महाधिवेशनको समस्याले पनि देउवा सरकारको काम भन्दा बढी पार्टी बैठक चलाइरहेका छन् । जबकी प्रधानमन्त्री देउवाको ध्यान यसबेला कोरोना महामारी रोकथाममा केन्द्रीत हुनुपर्ने हो । जबकी कोरोना संक्रमण भने दिनहुँ बढिरहेको छ । बुधबार थप तीन हजार ८४० जनामा कोभिड-१९ को संक्रमण पुष्टि भएको छ । स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो समय १० हजार ८८६ पिसिआर परीक्षणमा दुई हाजार ६३४ र चार हजार ९२२ एन्टिजेन परीक्षणमा एक हजार २०६ जना गरी जम्मा तीन हजार ८४० जनामा संक्रमण पुष्टि भएको हो ।

योसँगै नेपालमा पिसिआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस सङ्क्रमितको संख्या छ लाख ८८ हजार ३०७ पुगेको छ । एन्टिजेन परीक्षणमा सङ्क्रमित हुनेको संख्या ५८ हजार ३५० रहेको छ । पछिल्लो समय थप एक हजार ९९३ जना निको भएका छन् । योसँगै निको हुनेको सङ्ख्या छ लाख ४९ हजार ७२ पुगेको छ । निको हुने दर ९४ दशमलव ३ रहेको पनि मन्त्रालयले जनाएको छ ।

हालसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या नौ हजार ७९१ पुगेको छ भने पछिल्लो २४ घण्टामा थप ३३ जनाले ज्यान गुमाएको मन्त्रालयले जनाएको छ भने मृत्यु दर १.५ प्रतिशत रहेको छ । पछिल्लो समय काठमाडौंमा सबैभन्दा धेरै ५५९, ललितपुरमा २०६, भक्तपुरमा ९४, कास्कीमा ३१६, झापामा १९४, मोरङमा १८९, चितवनमा १८५ र सुनसरीमा १७६ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । नेपालमा हालसम्ममा १५ लाख तीन हजार ३१२ ले पूर्ण खोप लगाएका छन् भने ३५ लाख ४४ हजार ४३ ले पहिलो मात्रा लागाएका छन् ।

### लुम्बिनीमा विपक्षीको रणनीति :

# अविश्वास प्रस्ताव टेबुल गराउन विशेष अधिवेशन मागिने




**आचार्य प्रदीप/मध्यान्ह**
बुटवल, १३ साउन

लुम्बिनी प्रदेशका विपक्षी गठबन्धनले नयाँ सरकार निर्माण गर्न लागिपरेका छन् । एक पछि अर्को गरी लुम्बिनी प्रदेश सरकारलाई कमजोर बनाउने निर्णयहरु भइरहँदा लुम्बिनीका विपक्षी गठबन्धनले सक्रियता बढाउँदै गएका छन् ।

प्रमुख प्रतिपक्षि दल नेपाली कांग्रेसका संसदीय दलका नेता बिरेन्द्रकुमार कनौडियाले सरकार अल्पमतमा रहेकोले अब केही समयमा नै नयाँ सरकार निर्माण प्रक्रियामा लाग्ने बताए । उनले पछिल्लो समय केही सक्रियता बढेको बताउँदै अब छिट्टै केही नयाँ निर्णय हुने तर्क गरे ।

यता माओवादी संसदीय दलका प्रमुख सचेतक तुलाराम घर्तीले लुम्बिनी प्रदेशमा नयाँ सरकार गठनका लागि नयाँ रणनीति बनाएको बताए । उनले केही समय पहिला लुम्बिनी प्रदेशसभा सचिवालयमा दर्ता गराएको अविश्वासको प्रस्तावलाई टेबुल गर्नका लागि विशेष अधिवेशन आह्वान गर्न आग्रह गरिने जनाए ।

उनले भने, 'नयाँ आउनुहुने प्रदेश प्रमुखज्यु समक्ष २५ प्रतिशत सांसदको हस्ताक्षरसहित विशेष अधिवेशन आह्वान गर्नका लागि जानेछौँ हाम्रो मुख्य एजेण्डा अविश्वासको प्रस्ताव हुनेछ ।'

आफुहरुले पटक पटक विश्वासको मत लिन आग्रह गर्दागर्दै पनि मुख्यमन्त्री संसदबाट भाग्दै चोरबाटोमार्फत नियुक्त भएको बताउँदै उनले अब सबैभन्दा पहिलो एजेण्डा नै अविश्वास प्रस्ताव हुने र यसको लागि आवश्यक गृहकार्य हुने बताए ।

उनले अहिलेको सरकार अवैध रहेको बताउँदै कानुनीरुपमा संविधानको धारा १६८ को उपधारा २ बमोजिम रहेपनि १ बमोजिम नियुक्ति लिएको बताउँदै सरकारलाई यति लामो समय दिएपनि नगरेकाले यो विकल्प तयार गरेको बताए । उनले अब माओवादी केन्द्रका संसदीय दलका नेता कुल प्रसाद केसीको नेतृत्वमा सरकार बन्ने दाबी समेत गरे ।

नयाँ प्रदेश प्रमुख आउने भएसँगै लुम्बिनीका विपक्षी गठबन्धन हौसिएका छन् । यता जसपा विवाद पनि प्रदेशमा कायमै रहेको छ । जसपाका ६ सांसदमध्ये ३ जना महन्त पक्षधर छन् भने ३ जना यादव पक्षका रहेका छन् । महन्थ पक्षका ३ जना सरकारमा रहेपनि उनीहरुलाई कारबाही गर्ने निर्णय पार्टीले गरिसकेको छ । यद्यपि कारबाहीको पत्र लुम्बिनी प्रदेशसभामा आइसकेको छैन । सर्वोच्च अदालतले अन्तरिम आदेश दिँदै संसद थमौती गरिदिए पनि अब के गर्ने भन्ने विषयमा निर्णय भइनसकेको प्रदेशसभा सचिवालयका सचिव दुर्लभकुमार पुनले बताए ।

पार्टीको कारबाहीमा परेका लुम्बिनीका मन्त्रीहरुले भने आफुलाई पार्टीले कारबाही गर्न नमिल्ने बताउँदै आएका छन् । उनीहरुले आफुलाई पार्टीले पहिले नै पार्टीमा छैनौं भनेको र सर्वोच्च अदालतले सांसद बनाएको तर्क राख्छन् ।

कारबाहीमा परेका जसपाबाट मन्त्री बनेका सन्तोष पाण्डेले एउटा मान्छेलाई पटक पटक एउटै कारबाही नहुने बताउँछन् । उनी भन्छन्, 'एउटा मान्छेलाई कति पटक फाँसीको सजाय हुन्छ ? जब हामीलाई पार्टीबाट हटाइसकिएको छ फेरि त्यही पार्टीले कारबाही गर्नै मिल्दैन ।'

उनले पार्टीले पहिलेदेखि नै कारबाही गरेर सदस्य नरहने भनेकोले फेरि सदस्य नहुने गरी कारबाही गर्नु गलत भएको बताए । उनले आफूहरू अब अदालतले बनाएको सांसद मात्रै रहेकोले पार्टीको कारबाही मान्य नहुने तर्क गरे ।

यता कारबाहीमा परेका अर्का मन्त्री विजयबहादुर यादव पनि कारबाही गरेर हटाएको पार्टीले फेरि हटाउँछु भन्नु हास्यास्पद रहेको बताउँछन् । उनले अदालतको फैसला नआउँदासम्म आफुहरु सांसद रहने दाबी गरे । आवश्यक पर्दा कानुनी रुपमा अगाडि बढ्ने उनले बताए । यता कारबाहीमा परेकी अर्की मन्त्री कल्पना पाण्डे भने उपचारका क्रममा काठमाडौँमा रहेकी छन् ।

यता जसपाका संसदीय दलका नेता सहश्राम यादवले भने पार्टीको नेता भन्दै गफ लगाउनेले पार्टीको कारबाही भोग्नुपर्ने बताउँछन् । उनले भने, 'जसपाको नेता भन्दै हिँड्ने माननीयले पार्टीले नगर भनेको पनि गर्ने अनि कारबाही गर्दा भोग्दैनौं भन्न पाइँदैन ।'

उनले बिहीबार बिहानसम्म पार्टीको कारबाहीको पत्र लुम्बिनी प्रदेशसभा सचिवालयमा पुग्ने र सांसद पदबाट हट्ने बताए ।

यसो गर्दा लुम्बिनी प्रदेश सरकार सोझै अल्पमतमा परेको छ । ८३ सदस्यीय लुम्बिनी प्रदेश सरकारमा ३ मन्त्रीलाई कारबाही भएसँगै ८० सदस्यमा झर्नेछ । मुख्यमन्त्री शंकर पोखरेलसँग १ स्वतन्त्र सांसद सहित ३८ जना रहेका छन् । प्रदेशसभामा नेपाली कांग्रेसका १९, माओवादी केन्द्रका सभामुखसहित १९, जसपाका ३ जना र राष्ट्रिय जनमोर्चाका १ जना गरी ४२ जना विपक्षी गठबन्धनमा छन् ।

# काभ्रेमा जुवाखालबाट ११ जना पक्राउ, ७ लाख बरामद



**यश कुमार परियार/मध्यान्ह**
काभ्रे, १३ साउन

जिल्ला प्रहरी कार्यलय काभ्रेले बनेपाबाट ११ जना जुवाडेलाई पक्राउ गरेको छ । बनेपा नगरपालिका वडा नम्बर १४ को खालचौर स्थित थोप्चेन तामाङको घरमा जुवा खेलिरहेका उनिहरुलाई प्रहरीले पक्राउ गरेको हो । जुवा खालबाट नेपाली ७ लाख १५ हजार ३५ रुपैयाँ बरामद गरिएको जिल्ला प्रहरी कार्यालय काभ्रेका डिएसपी हरि खतिवडाले जानकारी दिए ।

पक्राउ पर्नेमा बनेपा नगरपालिका वडा नम्बर ११ पाकु टोलका ४४ वर्षीय सुमन अधिकारी, वडा नम्बर १० जनागालका २८ वर्षीय कृष्ण केसी, वडा नम्बर ७ धनेश्वर का ४२ वर्षीय अनिल मुस्याजु, वडा नम्बर १४ साँगाका ४० वर्षीय गणेश थापा, वडा नम्बर ६ बस्दै आएका २६ वर्षीय किशोर अधिकारी रहेका छन् ।

यस्तै धुलिखेल नगरपालिका वडा नम्बर १० सारदा बतासेका ३४ वर्षीय छिरिङ लामा, रोशी गाउँपालिका वडा नम्बर ३ साजाकोटका ३५ वर्षीय पाराङ लामा भन्ने खड्ग सिं लामा, वडा नम्बर ३ शिखर आम्बोटेका ३४ वर्षीय हिरा लामा, वडा नम्बर १ घरभै बनेपा नगरपालिका वडा नम्बर ७ बस्ने ३७ वर्षीय चन्द्र लामा स्याङताङ, वडा नम्बर ३ घर भै हाल बनेपा नगरपालिका वडा नम्बर ८ का ३५ वर्षीय थर्कमान लामा र भक्तपुर सुर्यबिनायक नगरपालिका वडा नम्बर ९ का ३४ बर्षीय दिपक बस्नेत रहेका छन् ।

पक्राउ परेकाहरूलाई 'मुलुकी फौजदारी संहिता, २०७४' को दफा १२५ को उपदफा १ बमोजिमको कसुरमा जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकबाट म्याद थप अनुमती लिई आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय काभ्रेले जनाएको छ ।

# कछुवा बेच्न लाग्दा तीन पक्राउ

**काठमाडौं/मस**-संरक्षित वन्यजन्तु (कछुवा) बिक्री गर्न लागेको अवस्थामा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) ले काठमाडौंबाट तीन जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-२ का विशाल सुनार, सोही ठाउँका ४१ वर्षीय विक्रम सुनार र मोरङ उर्लाबारीका भुवन राई रहेका ब्यूरोका प्रवक्ता प्रहरी उपरीक्षक श्यामकुमार महत्तोले जानकारी दिए ।

वन्यजन्तु तथा वनस्पतिसँग सम्बन्धित अपराध अनुसन्धान तथा नियन्त्रणका लागि परिचालित प्रहरी टोलीले उनीहरुलाई काठमाडौंको दक्षिणकाली नगरपालिका-६ फर्पिङबाट पक्राउ गरेको जनाइएको छ । संरक्षित वन्यजन्तु अवैध रुपमा ओसार-पसार तथा बेचबिखन गर्न लागेको भन्ने विशेष सूचनाका आधारमा खटिएको टोलीले उनीहरुका साथबाट जिउँदो कछुवासमेत बरामद गरेको छ ।

उनीहरुलाई आवश्यक कारबाहीका लागि डिभिजन वन कार्यालय हात्तीसारमा बुझाइएको ब्यूरोले बुधबार एक सूचना जारी गरी जनाएको छ । उनीहरुमाथि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार कारबाही प्रक्रिया अघि बढेको छ ।

## पदको...

सांसद पद गुमाएकाले यी नेताहरुलाई ६ जेठमा सर्वोच्च अदालतले मन्त्रीबाट पदमुक्त गरेको थियो । रामबहादुर थापा बादल गृह, लेखराज भट्ट उद्योग, टोपबहादुर रायमाझी उर्जा, प्रभु साह सिंचाइ, मणि थापा खानेपानी र दावा लामा खेलकुद मन्त्री बन्दै ओलीलाई साथ दिएपछि माओवादी केन्द्रले पदमुक्त गरेको थियो । सांसद, पार्टी र मन्त्री पद समेत गुमाएका यी नेताहरु केही समय अगाडि मात्रै निर्वाचन आयोगमा माओवादी केन्द्र खारेजीको माग सहित पुगेका थिए । अहिले फेरि माओवादी केन्द्रकै नेता भएको र एमालेको सदस्यता नलिएको भन्दै अदालत गएका छन् ।

जबकी गएको २८ फागुनमा बसेको एमालेको बैठकले यी नेताहरुलाई केपी शर्मा ओलीले केन्द्रीय सदस्यमा मनोनित गरेका छन् । लगभग सवै नेतालाई पदीय जिम्मेवारी समेत दिएका छन् । बादल बागमती प्रदेशका इन्चार्ज र रायमाझी मोर्चा संगठनका इन्चार्ज छन् । अन्य नेताहरुलाई पनि महत्वपूर्ण जिम्मेवारी दिइएको छ ।

## लचिला...

ओलीले दोस्रो अध्यक्ष दिन तयार रहेको बताएका थिए । नेता नेपालले भने दोस्रो नभएर समानान्तर अध्यक्ष हुनुपर्ने अडान लिएका छन् । त्यो पनि आफू नभएर बरिष्ठ नेता झलनाथ खनाल त्यो पदमा जाने पनि बताएका छन् ।

संसद् पुनर्स्थापना सँगै माधव नेपाल समूहका सांसदहरुलाई कारबाही समेत गर्न नसकिने अदालतको आदेशबाट उत्साहित नेता नेपाल सहजै एकता प्रक्रियामा नआउने संकेत दिदै आएका छन् । ओली नसुध्रिएसम्म एकता प्रक्रिया संभव नहुने बताउने नेपालको अडान छ, "सम्मानजनक एकता नभएसम्म सहमति हुँदैन ।" तर ओली पनि संसद् विघटन देखि माधव समूहलाई कारबाहीको निर्णयप्रति कुनै आत्मसमीक्षा गर्न तयार छैनन् । तर २ जेठ २०७५ अगाडिको एमाले पार्टी संरचना स्वीकार्ने देखि शक्ति सन्तुलनका निम्ति समेत ओली तयार देखिन्छन् ।

### सीमामा खटिने प्रहरी कोरोनाको उच्च जोखिममा

# प्रदेश १ मा १ हजार ३०२ जना प्रहरी संक्रमित

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, १३ साउन




नयाँ भेरियन्टसहित देखा परेको दोश्रो लहरको कोरोना भाइरस संक्रमणबाट प्रदेश एकमा १ हजार ३०२ जना प्रहरीहरू संक्रमित बनेका छन् । प्रदेश एक प्रहरी कार्यालय विराटनगरले दिएको जानकारी अनुसार १४ जिल्लामा रहेको प्रहरी कार्यालयमा कार्यरत १ हजार ३०२ जना प्रहरीमा कोरोना संक्रमण पुष्टि भएको हो ।

समाज सुधारका निमित्त शान्ति सुरक्षामा खटिने नेपाल प्रहरी नै कोरोना संक्रमणको चपेटामा परेपछि शान्ति सुरक्षा लगायत मुद्दा मामिलाका कामहरू प्रभावित बनेका छन् । भएका जनशक्ति कोरोनाका कारण ग्रसित भई उपचारमा लागेपछि प्रदेश एकका मुख्य जिल्लामा काम कारबाही नै प्रभावित भएको हो । प्रदेश एकको मुख्य जिल्ला अन्तर्गत सुनसरी, मोरङ र झापा गरी ६४ जना प्रहरीहरू कोरोना संक्रमणबाट प्रभावित भएको प्रदेश एक प्रहरी कार्यालय विराटनगरले जनाएको छ । सुरूवाती समयमा काम गर्न गाह्रो भएपनि अहिले धेरै जसो प्रहरीहरू कोरोना जितेर काममा फर्किसकेको पनि कार्यालयले जानकारी दिएको छ । संकटको बेला जनताको सुरक्षाका लागि अग्रपंक्तिमा खटिने प्रहरीहरू संक्रमणले ग्रस्त हुँदा अपराध अनुशन्धानदेखि नियमित काम कारबाहीहरू प्रत्यक्ष रूपमा प्रभावित बनेको प्रदेश एक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक (एसपी) नविनराज राइले मध्यान्हलाई बताए ।

अन्य प्रहरीहरूको तुलनामा नेपालसँग सीमा गाँसिएका भारतीय नाकाहरूमा कार्यरत प्रहरी अधिकृत तथा जवानहरू कोरोना संक्रमणको उच्च जोखिममा रहेको प्रहरी प्रवक्ता राइको भनाइ छ । नयाँ भेरियन्टसहित देखा परेको दोश्रो लहरको कोरोना संक्रमणबाट प्रदेश एकमा एक जना हवलदारको मृत्यु भएको छ भने २ जना डिएसपी, ६ जना प्रहरी निरीक्षक र बाँकी जवानहरू संक्रमणबाट प्रत्यक्ष प्रभावित भएका छन् । कोरोनाबाट संक्रमित भएकाहरू मध्ये एक हजार दुई सय ४५ जनाले कोरोनालाई परास्त गरिसकेका छन् । कोरोनामुक्त भएका प्रहरीहरु मध्ये थोरै संख्यामा आफ्नो कार्य क्षेत्रमा फर्किसकेका छन् भने केही फर्कने तयारीमा रहेको १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ । संक्रमणकै कारण अझै पनि ५६ जना प्रहरीहरू उपचाररत रहेको प्रहरी कार्यालयले जनाएको छ ।

निषेधाज्ञा कार्यान्वयन गराउनका लागि सवारी चेकजाँचमा खटिएका र अपराध न्यूनीकरणको सिलसिलामा पक्राउ गर्न जाने र म्याद थप्न जाने प्रहरी बढी जोखिममा परेको प्रवक्ता एसपी राइको भनाइ छ । संक्रमणबाट जनतालाई जोगाउन हरदम अग्रपंक्तिमा रहेर काम गर्ने प्रहरीहरू नै धमाधम संक्रमित हुँदा पनि नेपाल सरकारले प्रहरीहरूका लागि कुनै राहतको प्याकेज नल्याएको गुनासो छ ।

# महानगरीय प्रहरीद्वारा १ दर्जन संस्थालाई सम्मान



**ललितपुर/मस**-कोरोना भाइरसको महामारीमा महत्वपूर्ण योगदान गर्ने दर्जनभन्दा बढी संस्थालाई महानगरीय प्रहरी परिसर ललितपुरले बुधबार सम्मान गरेको छ । परिसरको प्रांगणमा भएको कोभिड-१९ पश्चातको शान्ति सुरक्षा सम्बन्धी नागरिक समाजसँगको अन्तरक्रिया कार्यक्रममा उक्त संस्थाहरुलाई सम्मान गरिएको हो ।

सम्मान हुनेहरुमा डा. सन्चो क्लिनिकका निर्देशकहरु जेन श्रेष्ठ,जश श्रेष्ठ र जेविश श्रेष्ठ, चौधरी फाउन्डेशनका वरिष्ठ कार्यक्रममा महाप्रवन्धक तिलकराम शर्मा, जोन्टा क्लवका अध्यक्ष सीमा गोल्छा, पन्चकन्या ग्रुपका प्रबन्ध निर्देशक प्रदिप कुमार श्रेष्ठ, परिवर्तनका लागि संगीत नेपालका अध्यक्ष ईश्वर बज्राचार्य, टेवा संस्थाका अध्यक्ष छिङ लमू शेर्पा, उपकार सेवा नेपालका कार्यकारी सदस्य अग्रवाल, थ्रेड गार्मेन्टका प्रोपाइटर कृष्णराज तिमल्सिना, डिलाइट पार्टी भेन्टका प्रोपाईटर चेतनाथ बजगाई र अरनिको समाजका अध्यक्ष सर्वोत्तम श्रेष्ठ रहेका छन् । सम्मानित सबै संस्थाहरुलाई कार्यालय प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक किरण बज्राचार्यले हस्तान्तरण गरेकी थिइन् । सम्मानपछि सम्बोधन गर्दै डा. सञ्चो क्लिनिकका निर्देशक जेन श्रेष्ठले स्वास्थ्य सामाग्री सहयोग गर्ने अवसर दिएकोमा महानगरिय प्रहरी परिसर ललितपुरका प्रमुख किरण बज्राचार्यलाई धन्यवाद दिए । सामाजिक क्षेत्रमा आफ्नो छुट्टै विशिष्ट पहिचान बनाउन सफल निर्देशक श्रेष्ठले महागरीय प्रहरी परिसर ललितपुरमा भएका सवै महिला प्रहरीलाई निशुल्क स्वास्थ्य चेकअफ गरिदिने घोषणा समेत गरेका छन् । डा. सञ्चो क्लिनिकले परिसलाई ५ सय थान सेनिटाइजर, २५ सय वटा माक्स, १५ सय पिस पञ्जा, भिटामीन सी एक हजार वटा र भिटामीन बी कम्प्लेक्स १२ सय वटा हस्तान्तरण गरेको थियो । जे ए ग्रुपका प्रबन्धक संचालक समेत रहेका श्रेष्ठले 'सेवा अनलाईन' समेत संचालन गरेका छन् । 'सेवा अनलाइन' ले विदेशमा छोराछोरी भएका र स्वदेशमा भएका बुढाबुढी बा आमालाई बिरामी हुँदा न्यूनतम शुल्कमा हस्पिटल लैजाने र ल्याउने सेवा दिँदै आएको छ ।

# गुल्मीमा जीप दुर्घटना ३ जनाको मृत्यु



**सागर भण्डारी/मध्यान्ह**
गुल्मी, १३ साउन

गुल्मीमा जीप दुर्घटना हुँदा ३ जनाको मृत्यु भएको छ भने ७ जना घाईते भएका छन् । जिल्लाको चन्द्रकोट गाउँपालिका ४ शान्तिपुरबाट सदरमुकाम तम्घास आउँदै गरेको लु १ ज ४५५९ नम्बरको जिप मुसिकोट नगरपालिका ४ भङ्ल्याङमा दुर्घटना हुदाँ ३ जनाको घटनास्थलमै ज्यान गएको हो ।

दुर्घटना परी ज्यान गुमाउनेहरुमा चन्द्रकोट गाउँपालिका ५ हरेवा बस्ने ४४ वर्षका रेशम कार्की, चन्द्रकोट गाउँपालिका ४ शान्तिपुर घर भई चन्द्रकोट गाउँपालिका ५ हरेवामा होटल गरी बस्ने ४३ वर्षका तेज बहादुर खत्री र रेसुङ्गा नगरपालिका २ बाखेछेडा बस्ने ६२ वर्षकी सुनिता विकको रहेको जिल्ला प्रहरी कार्यालय गुल्मीले जानकारी दिएको छ । जीप सडकबाट करिब ५ सय मिटर तल खसेको छ ।

दुर्घटनामा घाईते चन्द्रकोट गाउँपालिका ७ दमुका बस्ने २३ वर्षका मुना भण्डारी, रेसुङ्गा नगरपालिका २ घर भएकी २३ वर्षकी रमिला भण्डारी, चन्द्रकोट गाउँपालिका ७ रूपाकोट बस्ने ३३ वर्षका गोकुल भण्डारीलाई थप उपचारका लागि जिल्ला अस्पताल तम्घासमा ल्याइएको छ भने । त्यस्तै पाल्पामा उपचारको लागि चन्द्रकोट गाउँपालिका ६ हरेवा बस्ने २० बर्षका बिनिता परियार, चन्द्रकोट गाउँपालिका ८ मजुवा बस्ने ४५ वर्षका बम बहादुर विक, चन्द्रकोट गाउँपालिका ४ शान्तिपुर बस्ने ३९ वर्षका गगन क्षेत्री र चन्द्रकोट गाउँपालिका ८ मजुवा बस्ने ४५ वर्षका सुनिल विकलाई पाल्पामा उपचारका लागि पठाइएको छ । घाईतेमध्ये सुनिलको अवस्था गम्भीर रहेको प्रहरीले बताएको छ । जीप के कारणले दुर्घटना भयो भन्ने बारेमा भने खुल्न सकेको छैन् । प्रहरीले यस बारेमा अनुसन्धान भइरहेको जनाएको छ ।

## नौ दिने शिशुसहित तीन जनाको डुबेर मृत्यु

**सर्लाही/मस**–सर्लाहीको ब्रह्मपुरी गाउँपालिका-३ भेल्हीस्थित निजी पोखरीमा डुबेर मृत्यु भएको अवस्थामा नौ दिनको शिशुसहित तीन जनाको शव फेला परेको छ ।

स्थानीयवासी सञ्जीव कापडकी २६ वर्षीया श्रीमती रिकेवादेवी कापड, १८ महिनाकी छोरी रामा र नौ दिनको छोराको स्थानीयवासी सूर्यवंश चौधरीको पोखरीमा डुबेर मृत्यु भएको अवस्थामा शव फेला परेको ब्रम्ह्पुरी-३ भेल्हीका वडाध्यक्ष श्याम साहले जानकारी दिए ।

मंगलबार राति करिब १२ बजे घरबाट निस्किएकी रिकेवादेवीको शव आज बिहान स्थानीयवासीले पोखरीमा देखेपछि घटना सार्वजनिक भएको वडाध्यक्ष साहले जानकारी दिए । महिलाको मानसिक सन्तुलन ठिक नभएको उनले बताए।

राति घरबाट बच्चासहित श्रीमती निस्केपछि खोजीमा निस्केका श्रीमान् सञ्जीव कापड अहिलेसम्म घर आइनपुगेको प्रहरीले जनाएको छ। उनको साथमा मोबाइल नभएका कारण सम्पर्क पनि हुन नसकेको सर्लाहीका प्रहरी नायब उपरीक्षक माधवप्रसाद बुढाथोकीले जानकारी दिए ।

तीनै जनाको शव पोखरीबाट निकालेर परीक्षणका लागि जिल्ला अस्पताल मलङ्गवामा ल्याउने काम भइरहेको सर्लाहीका प्रहरी उपरीक्षक सन्तोषसिंह राठौरले जानकारी दिए । आत्महत्या हो वा हत्या भन्ने विषयमा आवश्यक अनुसन्धान भइरहेको उनले जानकारी दिए ।

# नेपालमा दैनिक ११० गम्भीर प्रकृतिका घटना



काठमाडौं/मस-नेपालमा दैनिक ११० गम्भीर प्रकारका घटना घट्ने गरेको पाइएको छ । नेपाल प्रहरीका अनुसार तीमध्ये सबैभन्दा बढी १७ दशमलव ४४ प्रतिशत आत्महत्याका घटना रहेका छन् ।

नेपालमा गत आर्थिक वर्ष २०७७/७८ मा दैनिक १९ जनाले आत्महत्या गर्ने गरेको पाइएको छ । यस्तै दैनिक सात महिला तथा बालिका जबर्जस्ती करणीमा परेका छन् । यद्यपि समग्र घटना संख्या हेर्दा जघन्य र गम्भीर प्रकृतिका घटना दर्तामा केही कमी आएको देखिन्छ ।

कोभिड-१९ का कारण मुलुक आक्रान्त भई बन्दाबन्दीमा रहँदासमेत जघन्य प्रकृतिका घटना बढोत्तरी हुनुले अवस्था चुनौतीपूर्ण देखाएको छ । नेपाल प्रहरीका अनुसार विभिन्न ११ जघन्य तथा गम्भीर प्रकृतिका घटनामध्ये अधिकांश घटनाका मुद्दा दर्ता गर्ने क्रम बढेको छ ।

केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवरले समग्र जघन्य प्रकृतिका घटना केही प्रतिशतले घटेको तर कर्तव्य ज्यान, जबर्जस्ती करणी, आत्महत्यालगायतका घटना भने बढेको बताए ।

उनका अनुसार आव २०७६/७७ मा कर्तव्य ज्यानका ५५५ घटना भएकामा आव २०७७/७८ मा यसमा वृद्धि ६९७ पुगेको छ । यो आव २०७६/७७ को तुलनामा गत आर्थिक वर्षमा २५ दशमलव ५८ प्रतिशतले वृद्धि हो । त्यसको अघिल्लो दुई आर्थिक वर्षभन्दा पनि यसपालि कर्तव्य ज्यानसम्बन्धीका घटनामा वृद्धि भएको नेपाल प्रहरीले जनाएको छ ।

गत आर्थिक वर्षमा जबर्जस्ती करणीका घटना पनि झण्डै २१ प्रतिशतले वृद्धि भएको छ । आव २०७६/७७ मा दुई हजार १४४ करणीका मुद्दा दर्ता भएकामा गत आवमा बढेर दुई हजार ५३४ पुगेको छ । त्यसको अघिल्लो दुई आवमा क्रमशः एक हजार ४८० र दुई हजार २३० करणीका मुद्दा दर्ता भएको प्रहरीको अभिलेख छ ।

प्रहरी प्रवक्ता कुँवरले जबर्जस्ती करणीका घटना भने नजिकका र चिनेजानेका व्यक्तिबाट नै हुने गरेको बताए ।

उनले भने, 'उनीहरुबाट ८२ दशमलव २० प्रतिशत महिला करणी भएका छन्, उहाँले भन्नुभयो, अझ सबैभन्दा बढी ११ देखि १८ वर्षका बालिका करणीमा पर्ने गरेका देखियो ।'

उनका अनुसार कूल जबर्जस्ती करणीका घटनामध्ये उक्त उमेर समूहका ५३ दशमलव २४ प्रतिशत बालिका बलात्कृत हुन्छन् । झण्डै १२ प्रतिशत १० वर्षमुनिका बालिकामाथि बलात्कार हुने गरेको तथ्याङ्क प्रहरीसँग छ ।

जबर्जस्ती करणी र कर्तव्य ज्यानसहित आत्महत्या, ज्यान मार्ने उद्योग, लागुऔषध तथा बैंकिङ कसुरसम्बन्धीका घटना भने अघिल्लो आवभन्दा गत आवमा बढेको पाइएको छ ।

आत्महत्या बढ्यो

प्रहरीको सार्वजनिक अभिलेखानुसार आत्महत्या १४ दशमलव चार प्रतिशतले बढेको छ । आव २०७६/७७ मा आत्महत्याका छ हजार २४१ घटना भएकामा आव २०७७/७८ मा बढेर सात हजार ११७ पुगेको छ । यस हिसाबले नेपालमा दैनिक १९ ले आत्महत्या गरेका छन् । जबर्जस्ती करणी उद्योग पनि छ दशमलव ९९ प्रतिशतले बढेको छ । लागुऔषधसम्बन्धी घटना चार दशमलव ४४, बैंकिङ कसुर २८ दशमलव २९, ज्यान मार्ने उद्योग २० दशमलव ९४ प्रतिशतले बढेको छ ।

### मानव बेचबिखन र संगठित अपराध घट्यो

नेपाल प्रहरीले मानव बेचबिखन तथा संगठित अपराध, चोरी, साइबर अपराधका घटना दर्ता भने घटेको छ । गत वर्ष सबैभन्दा बढी ४६ दशमलव १५ प्रतिशतले संगठित अपराधका घटनामा कमी आएको छ । अघिल्लो वर्ष प्रहरीमा उक्त अपराधका २६ घटना दर्ता भएकामा गत वर्ष घटेर १४ मा झरेको छ ।

मानब बेचबिखनतर्फ २५ दशमलव छ प्रतिशतले अपराध घटेर १२२ मा झरेको छ । अघिल्लो वर्ष १६४ बेचबिखनका मुद्दा दर्ता भएको थियो । यस्तै चोरीका घटना दुई दशमलव ८२ र साइबर अपराधका ११ दशमलव ११ प्रतिशतले घटेका प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

प्रहरी प्रधान कार्यालयले बुधबार पत्रकार सम्मेलनमार्फत गएको वर्ष गरेका काम कारवाही तथा प्रहरी सुधारसम्बन्धी प्रगति विवरण सार्वजनिक गरेको छ ।

उक्त समारोहमा प्रहरी नायब महानिरीक्षक वसन्त लामाले प्रहरी प्रधान कार्यालय कानूनले दिएको अधिकार प्रयोग गर्दै अपराध नियन्त्रण गरी शान्ति सुरक्षा कायम गर्न सक्रिय भएर लागेको जानकारी दिए । उनले कार्ययोजनाका साथ प्रहरी सुधारका कार्यक्रमसमेत सँगसँगै लगिएको बताए ।

पत्रकार भेटघाटनका क्रममा गृह प्रशासन सुधार योजना २०७४ को कार्यान्वयनको अवस्था, विभिन्न तहमा भएको कार्यसम्पादन सम्झौता, प्रहरी हवल्दार तथा जवानको उत्प्रेरणा अभिवृद्धि कार्यक्रम, प्रहरी आचारसंहिता कार्यान्वयन र गुनासा सम्बोधनका सवालमा भए गरेका प्रगति विवरणबारे जानकारी गराइएको थियो । समारोहमा कोभिड-१९ को महामारीका बेला प्रहरीले खेलेको भूमिका, विपद्का घटनामा प्रहरीले गरेको काम कारवाही, आपराधिक गतिविधि र त्यसका नियन्त्रणका प्रयास, हातहतियार बरामद, राजस्व संकलन तथा सवारी दुर्घटना र त्यसको न्यूनीकरणमा प्रहरीले खेलेको भूमिकाका बारेमा पनि जानकारी गराइएको थियो ।

# अस्पतालको शैय्याबाट सहयोग मागदै सात वर्षीय बालक

**पाल्पा डायरी**
सुशीला रेग्मी/मध्यान्ह



सात वर्षीय बालक अंकित राना ब्लड क्यान्सर रोगले ग्रसित भएपछि अहिले विपि कोइराला मेमोरियल क्यान्सर हस्पिटल भरतपुर चितवनमा उपचाररत छन् । आर्थिक अभावले उनलाई उपचारमा समस्या परेको छ । रामपुर नगरपालिका वडा नं ५ रानाटोल बस्ने रानाले आफ्नो जीवन रक्षाका निम्ति सबैसँग सहयोगको याचना गरेका छन् । विपि कोइराला मेमोरियल क्यान्सर हस्पिटलमा गत चैत २९ गते देखि भर्ना गरी उपचार गरिएको छ । उपचारमा रकम धेरै लाग्ने भएपछि सहयोग गरी आफ्नो जीवन बचाउन बालक रानाले सबैसँग अपिल गरेका छन् । उनको औषधी उपचारमा अहिलेसम्म करिव दश लाख रकम खर्च भइसकेको छ ।

अस्पतालले बिरामी निको पार्न करिव २० लाख रकम लाग्ने बताएपछि थप उपचारका निम्ति परिवारलाई समस्या परेकाले सानो भएपनि सबैले आ-आफ्नो ठाउँबाट सहयोग गरी छोराको जीवन बचाई दिन आमा लिला रानाले सहयोगको याचना गरेका छन् । "छोराको अहिलेसम्म औषधी उपचारमा धेरै रकम खर्च भइसकेको छ, थप उपचार गर्न अस्पतालले बताएअनुसार स्रोत जुटाउन सक्ने परिवारको अवस्था कमजोर छ, रेखदेख औषधी उपचारको बन्दोबस्त मिलाउन हामी खटेकै छौं, बाहिर बसेर औषधी उपचार देखि खाना खर्च कसरी जुटाउने भन्ने पिरलोले सताएको छ" आमाले पिडा सुनाइन् ।

उपचारमा संलग्न चिकित्सकले उपचार निको हुन सात महिना अस्पतालमै राख्नुपर्ने बताएको उनी बताउँछिन् । ब्लड क्यान्सर रोग देखिनु पन्ध्र दिन अघि देब्रे कान दुख्ने समस्या देखियो, त्यसपछि बिस्तारै दाहिने कान दुखेर सताउन थालेपछि रामपुर अस्पतालमा उपचारका निम्ति लगियो । रगत परीक्षणमा खराबी देखिएपछि थप उपचारका निम्ति बुटवलस्थित नर्सिङ होम हस्पिटलमा चैत २५ गते पुऱ्याइयो । उपचारको क्रममा नाक, मुखबाट रगत बग्न थालेपछि अस्पतालको सल्लाह अनुसार थप उपचारको लागि विपि कोइराला मेमोरियल क्यान्सर हस्पिटलमा २९ गतेबाट भर्ना गरेर उपचार सुरु गरिएको छ ।

अहिले बालक रानाको अवस्था सामान्य नै छ । परिवारका बुबाआमा, दुई छोराछोरी गरी चार सन्तानमध्ये बालक राना कान्छो सन्तान हुन् । अहिले रानाको पुरै परिवार उपचारमा साथमै छन् ।

**अकिंत राना बचाउ अभियानमार्फत रकम जुटाइदै**

क्यान्सर पीडित रानाको उपचारमा सहयोग गर्न अकिंत राना बचाउ अभियानमार्फत रकम जुटाउन थालिएको छ । भुपू सैनिक राईजिङ ईङ्गलिस बोर्डिङ स्कुल युकेजीमा अध्ययनरत रानाको उपचारमा सामाजिक संजालमार्फत विभिन्न व्यक्ति, संघसंस्थाबाट सहयोग रकम प्राप्त भइरहेको छ ।

स्कुल पढ्दै गरेका बालक रानाको जीवन बचाउन आर्थिक रकम सङ्कलन गरी उपचारमा पठाउने गरेको अभियानका संयोजक रामबहादुर राना बताउनुहुन्छ । उनका अनुसार हालसम्म रु चार लाख बढी रकम सङ्कलन भइसकेको छ भने अमेरिका, जापान, कोरिया, युएई, कतार लगायतका विभिन्न देशमा वैदेशिक रोजगारमा रहेका नेपालीबाट पनि रकम आउने क्रममा रहेको छ । सहयोग गर्न चाहने व्यक्तिले गरिमा विकास बैंक रामपुर शाखामा आमा लिला रानाको नाममा रहेको खाता नं. ००३०१३०००६५५५४००००01 रकम जम्मा गरी सहयोगको अपील गरिएको छ ।

# शिक्षकलाई खोप उपलब्ध गराउन ज्ञापन पत्र



नेपाल शिक्षक संघ रामपुरले शिक्षकलाई तत्काल खोप उपलब्ध गराउन माग गरेको छ । संघले कोभिड १९ बिरुद्धको खोप तत्काल उपलब्ध गराउन रामपुर नगरपालिकालाई ध्यानाकर्षण गराउँदै ज्ञापन पत्र बुझाएको छ । छिमेकी जिल्ला तथा स्थानीय तहहरुको सक्रियतामा खोप लगाइसकिएको हुदा रामपुर नगरपालिका भित्र मात्रै खोप लगाउन वेवास्ता गरिएको भन्दै छिटो भन्दा छिटो सबै शिक्षकलाई खोपको प्रबन्ध मिलाउन आग्रह गरिएको छ । संघले रामपुर नगरपालिका शिक्षा शाखा अधिकृत बिकल काफ्लेलाई कार्यालयमा भेटेर ज्ञापनपत्र बुझाएको छ । संघका नगर अध्यक्ष लेखनाथ रेग्मी र सचिव डोलराज रेग्मीद्वारा हस्ताक्षरित विज्ञप्ति नगरपालिकालाई बुझाइएको हो ।

**कञ्चनपुर डायरी**
गोमती पाल/मध्यान्ह

# चरेश मुद्दामा दोषी धामी १७ वर्षपछि पक्राउ




लागुऔषध चरेश मुद्दामा दोषी ठहर गरिएका एक महिला १७ वर्षपछि पक्राउ परेकी छन् । भीमदत्त नगरपालिका ८ तिलाचौरकी जानकी देबी धामी पक्राउ परेकी हुन् । जिल्ला अदालत कञ्चनपुरले २०६१ मघ १७ गते धामीलाई लागु औषध चरेश मुद्दामा दुई वर्ष कैद र १५ हजार जरिवना गरेको थियो । अदालतबाठ दोषी ठहर भएपछि प्रहरीले उनको खोजी गर्दै आएको थियो। जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक शिद्धराज न्यौपानेले धामीलाई उनको घरबाट पक्राउ गरिएको बताए । 'घरमा लुकेर बसेको अवस्थामा पक्राउ गरिएको हो' उनले भने । धामीलाई जिल्ला प्रहरी कार्यालय र मातहत टोलीले पक्राउ गरेपछि जिल्ला अदालतमा पेश गरिएको छ । अदालतमा पेश गरिएकी धामीलाई कञ्चनपुर कारागार चलान गरिएको छ । अदालतले कैद पुर्जी जारी उनलाई कारागार पठाएको हो ।

अदालतबाट विभिन्न मुद्दामा दोषी ठहर गरिएका प्रतिवादी पक्राउका लागि प्रहरी कार्यालयको टोली परिचालन गरिएको छ । प्रहरीले यस अघि पनि विभिन्न मुद्दामा फरार प्रतिवादीहरु पक्राउ गरेको छ ।

यसैबीच सशस्त्र प्रहरीले भारतबाट अवैधरुपमा आएको समान बरामद गरेको छ । सशस्त्र प्रहरीको बोर्डर आउट पोष्ट डोके बजार र गड्डाचौकीको टोलीले ६ लाख ६७ हजार ७ मूल्य बराबरको अवैध समान बरामद गरेको हो । बरामद समानमा किराना, हार्डवयर, मोबाइल सेट र औषधि लगायतका छन् । सशस्त्र प्रहरी बल नेपाल नं. ३५ गण हेड क्वाटर शैलेश्वरीका अनुसार बरामद समान गड्डाचौकी भन्सार कार्यालय कञ्चनपुर र त्रिनगर भन्सार कार्यालय कैलालीमा पठाइएको छ । सशस्त्र प्रहरी बल नेपाल नं. ३५ गण हेड क्वाटर शैलेश्वरीका सशस्त्र प्रहरी उपरीक्षक विरेन्द्रबहादुर ऐरले बोर्डर आउट पोष्टको मोबाइल र पैदल गस्ती टोलीले अवैध समान बरामद गरेको जानकारी दिए ।

## फेडोले मनायो २८ औं स्थापना दिवस



दलित महिला संघ (फेडो) कञ्चनपुरले संस्थाको २८ औं स्थापना दिवसको अवसरमा दलित समुदायका महिलाहरुको हक अधिकार कार्यान्वयनको अवस्था सम्बन्धी छलफल गरेको छ । फेडो कार्यालयमा फेडोका पदाधिकारी, सदस्य र सल्लाहकारसहित सरोकारवालाबीच छलफल कार्यक्रम गरिएको हो ।

कार्यक्रमका सहभागीहरुले दलित समुदायका महिलाहरुको अवस्था अपेक्षित रुपमा सुधार हुन नसकेकोमा जोड दिएका छन् । दलित समुदायका महिलाहरुको सशक्तिकरण र आर्थिकरुपमा बलियो बनाउनु पर्ने उनीहरुको भनाइ थियो ।

नेकपा(एमाले)का नेता नर बहादुर विश्वकर्माले दलित समुदायका महिलाहरुले तेहोरो शोषण खेप्दै आएको बताए । 'समाजमा गैर दलित समुदायले दलित समुदायमा विभेद गर्छ, यो सबैलाई थाहा भएकै कुरा हो, दलित समुदायका महिलाहरु त त्यसमा पनि तेहोरो विभेद खेप्न बाध्य छन्' उनले भने,'यो सबै जात व्यवस्थाका कारण भएको हो ।'

नेता विश्वकर्माले दलित समुदायका महिलाहरुको आर्थिक, समाजिक, राजनीतिक सबै क्षेत्रमा सशक्त बनाएर अघि बढ्नु पर्नेमा जोड दिए । आर्थिक अवस्था बलियो बनाएर दलित समुदायका महिलाहरुलाई आत्मनिर्भर बनाउनु पर्ने उनको भनाइ थियो । 'आर्थिक रुपमा बलियो नभएसम्म अरु क्षेत्रमा अगाडि बढ्न सकिँदैन' उनले भने, 'क्षमता वृद्धि, राज्यले दिएका सेवा सुविधा हक अधिकार प्राप्तिका लागि संघर्ष गरी अघि बढ्नु पर्छ ।'

गैरसरकारी संस्था महासंघ कञ्चनपुरका अध्यक्ष नरेश सिलालले संविधानमा राखिएका हक अधिकार प्राप्त गर्न सके पनि दलित समुदायका महिलाहरुको अवस्था सुधार आउन सक्ने बताए । हक अधिकार प्राप्तिका लागि गैर दलित समुदायका महिलाहरुसित सहकार्य गरी अघि बढ्नुपर्नेमा जोड दिँदै उनले आफूहरुलाई कमजोर नठान्न सुझाव दिएका छन् ।

अधिकारकर्मी भुवन कुँवरले जातीय विभेद र छुवाछुत समाजका लागि कलंक भएकाले सबै मिलेर अन्त्य गर्नुपर्नेमा जोड दिइन् ।

फेडो कञ्चनपुरका अध्यक्ष लक्ष्मी विकले दलित समुदायका महिलाहरुको क्षमता वृद्धिसँगै आर्थिक समृद्धिका कार्यक्रम पनि सञ्चालन गर्नुपर्नेमा जोड दिइन् । उनले भनिन्, 'अब तालिम गोष्टी, सेमिनार बौद्धिक क्षमता अभिवृद्धिका कार्यक्रम चलाएर मात्र हुँदैन, दलित समुदायका महिलाहरुको आर्थिक अवस्था सुधारका लागि व्यावसायिक तालिम दिएर अघि बढाउनु पर्छ ।'

स्वीट नेपालका अध्यक्ष अमिर तिरुवाले दलित समुदायका महिलाहरुको राजनीतिक सहभागिता बढाउन आवश्यक देखिएको बताए । संविधान अनुसार कोटा बाहेक अन्य सीटमा पनि दलित समुदायका महिलाहरुले प्रतिस्पर्धा गर्नु सक्नु पर्ने उनको भनाइ थियो ।

फेडोका कार्यक्रम संयोजक नरबहादुर आउजीले स्थानीय तहको योजना प्रक्रियामा दलित समुदायका महिलाहरुको पहुँच पुग्ने गरी कार्यक्रम सञ्चालन गरिएको उल्लेख गरे । उनले स्थानीय तहले दलित समुदायका महिलाहरुका लागि छुट्टै योजना बनाएर बजेट छुट्याउनु पर्नेमा जोड दिए । फेडोले कञ्चनपुरमा भीमदत्त नगरपालिका र बेलडाँडी गाउँपालिकाकामा कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

## सम्पादकीय

# मूल्य हराएको राजनीति

साविकको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को विभाजनले राष्ट्रिय राजनीति बद्नाम बन्न पुगेको छ । सत्तारूढ केन्द्रीत मतभेद बढ्दै जाँदा निवर्तमान प्रधानमन्त्री केपीशर्मा ओलीले असंवैधानिक कदम चालेर प्रतिनिधिसभा विघटन गरे । संसद् विभाजन पछि नेकपा विभाजित भयो । संविधान मिच्ने काम सरकारले गरिरह्यो भने कोरोना महामारीका कारण उत्पन्न संकटमा दल र नेताहरू संवेदनशील देखिएनन् । कुनै जवाफदेहिता र इमान समेत नेताहरूमा देखिएन । संसद् विघटनसँगै नेकपा विभाजित हुँदा ओलीतिर एउटा समूह उभियो भने पुष्पकमल दाहाल प्रचण्ड र माधवकुमार नेपाल तर्फ अर्को समूह उभियो । सडक प्रदर्शन, सभा देखि अर्का समूहका नेताहरू विरूद्ध असहिष्णु र गम्भीर आरोप लगाइयो । यसले राजनीति मर्यादा भन्दा बाहिर पुग्यो ।

३ साउनसम्म आइपुग्दा दुई पटक प्रतिनिधिसभा भंग भइसकेको थियो भने नेताहरूले गम्भीर आरोप एकअर्कालाई लगाएका थिए । प्रदेशसभा र प्रतिनिधिसभामा गैरसंसदीय अभ्यास भए । यसले मुलुकको राजनीतिमा मूल्य र मर्यादा संकटमा देखियो । जसको पछिल्लो शृङ्खला हो- ओलीलाई साथ दिएका नेताहरू सर्वोच्च अदालतमा जानु । नेकपा विभाजन हुँदा रामबहादुर थापा गृहमन्त्री थिए भने लेखराज भट्ट उद्योगमन्त्री थिए । नेकपा विभाजन हुँदा माओवादी पृष्ठभूमिका थप पाँच नेता मन्त्री बन्दै कित्ता परिवर्तन गरे । टोपबहादुर रायमाझी उर्जा, मणि थापा खानेपानी, प्रभु साह सिंचाइ, गौरीशंकर चौधरी श्रम र दावा लामा खेलकुद मन्त्री बने । तर गएको ६ जेठमा सर्वोच्च अदालतले उनीहरूलाई पदमुक्त गरिदियो । यसअघि नै यी नेताहरू सांसदबाट पदमुक्त भएका थिए ।

यो बीचमा यी नेताहरूले एमालेकै बरिष्ठ नेता माधवकुमार नेपालहरूलाई एमालेमा स्वागत गर्ने सम्मको भाषण गरे । केही समय अगाडि माओवादी केन्द्र खारेजीको माग सहित निर्वाचन आयोग पुगेका थिए । अहिले तिनै नेताहरू आफूहरू एमाले नभएको र माओवादी केन्द्रकै नेता रहेको दावी सहित सांसद पद जोगाइदिन मागदावी सहित अदालतमा पुगेका छन् । जबकी यी नेताहरूले मन्त्रीका लागि ओलीलाई साथ दिने, सांसद पद त्याग्न तयार हुने र प्रचण्ड–माधव नेपालहरू विरूद्ध अभिव्यक्ति दिएका थिए । अनि माओवादी अवैधानिक रहेको भन्दै निर्वाचन आयोग पुग्ने अनि अहिले माओवादीकै नेता भएको दावी गरेका छन् । यसको अर्थ मुलुकमा मूल्य र मान्यताको राजनीति संकटमा देखिएको छ भने यस्ता क्रियाकलापले राजनीतिप्रति खराब बुझाइ विकास हुने देखिन्छ । र यसको मूल्य भने मुलुक र समाजले बेहार्नुपर्ने हुन्छ । अतः यसतर्फ नेताहरूले एकपटक गम्भीर ढंगले सोच्न जरूरी छ ।

---

नेकपा (एमाले)का पूर्वमाओवादी समूहका चार नेताले आफुँहरुको सांसद पद पुनर्बहालीको माग गर्दै बुधबार सर्वोच्च अदालतमा रिट निवेदन दिएका छन् । उनीहरुले आफुँहरु माओवादी केन्द्रकै सांसद भएको भन्दै माओवादी केन्द्रले विना कारण कारबाही गरेको बताएका छन् । अदालतमा दायर गरिएको रिटमा नेताहरुले आफुँहरुलाई स्पष्टीकरणको पत्रसमेत नदिई पार्टीबाट निष्काशन गरिएको बताएका छन् । सांसद पदबाट हटाएको झण्डै ४ महिनापछि सर्वोच्चमा गुहार माग्न पुगेका ४ जना मध्येका एक **टोपबहादुर रायमाझी**लाई हामीले केहि जिज्ञासा राखेका छौं । नेता रायमाझीसँग गरिएको कुराकानीको सम्पादित अंश :

# ‘राजनीतिमा निकै खिचडी मच्चाइयो’



**टोपबहादुर रायमाझी**, पूर्वमाओवादी नेता

**सर्वोच्चमा पुनर्बहालीको माग गर्दै निवेदन दिन जानुभएछ । माओवादी छाडेर एमाले पुग्ने अनि हामीलाई पुनर्बहाली गर्नुपर्यो भन्न मिल्छ ?**

तपाईंको प्रश्नप्रति असहमति जनाउँछौं । हामीले कहिले दल त्याग गरेका छौं ?

**तपाईं नेकपा (एमाले)को स्थायी समिति सदस्य होइन ? सर्वोच्चको आदेशसँगै तपाईंहरु विधिवत एमालेमा प्रवेश गर्नुभएको होइन् ?**

जुन दिन प्रचण्ड र ओली जी मिलेर पार्टी एकता भयो, नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बनाईयो म त्यतिखेरदेखिको स्थायी समिति सदस्य हो । तर, सर्वोच्चले हुँदै नहुने फैसला गरेर कसैलाई एमाले बन भन्यो, कसैलाई माओवादी बन भन्यो । यसरी तोकेर भन्दिनु जरुरी थियो कि थिएन् ? कतिपयका व्यक्तिगत इच्छाका कुरा पनि त थिए । प्रचण्डले माओवादी केन्द्रलाई विघटन गराएर नेपाल कम्युनिष्ट पार्टी भनेका होइनन् र ? ओली जी पनि एमाले छोडेर नेकपा बनाउनु भएको होइन र ? उहाँहरुको इच्छा थियो गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी थियो, जहाँ ओली जी प्रथम अध्यक्ष र प्रधानमन्त्री हुनुहुन्थ्यो । हामी त्यहिँ बसिरह्यौं । तर, नेकपा (एमाले) को नवौं महाधिवेशनको प्रतिनिधिलाई मात्रै चिन्ने भयो । हामीलाई चिनेन ।

हामी त संसद पनि जाने, मन्त्री पनि जाने, पार्टी पनि जाने अवस्थामा पुग्यौं नि त ! अब संसद त जनताले चुनेको प्रतिनिधि हो । प्रचण्डले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) छोडेर माओवादी बनाउँदा उनको संसद पद रहने, हाम्रो नरहने भन्ने हुन्छ र ?

**यी त, सर्वोच्चको फैसलाको बाध्यात्मक कार्यान्वयनको विषय भयो, तर तपाईंहरु त हिजो माओवादी केन्द्र खारेज हुनुपर्छ, माओवादी केन्द्र अवैध हो भन्दै जाने अनि आज हामी त्यहि पार्टीमा छौं, हाम्रो पद किन जाने भन्न मिल्छ ?**

हामीले प्रचण्डसँग संगत गरेको करिब ३० वर्ष भयो । हामी युद्ध हुँदै शान्ती प्रक्रियामा आएको पनि १५ वर्ष भयो । योबीच हेटौंडामा एउटा कर्मकाण्डी महाधिवेशन भएको थियो । त्यसलाई पनि वैधानिक मान्ने हो भने त्यो भएको पनि ९ वर्ष भयो । होइन्, आफैं बनाएको देशको संविधान, कानुन, राजनीतिक दलसम्बन्धी ऐनअनुसार चल्नुपर्छ कि पर्दैन् ? पार्टी आफैं वैधानिक छैन्, हामी जनताबाट चुनिएका वैधानिक प्रतिनिधिलाई किन कारबाही गर्ने ?

**यहाँ एउटा प्रश्न उठ्छ, तपाईं अवैधानिक पार्टीको प्रतिनिधि हुने, अनि वैधानिक भएँ भन्ने ?**

त्यसो भए उहाँहरुको पनि पद जानुपर्यो नि । हाम्रो मात्रै किन जाने ? हामीलाई मात्रै अवैधानिक किन ठहर्याउने ? उहाँहरु जे गरे पनि वैधानिक हुने अनि हामी अवैधानिक ?

**तपाईंहरुले उठाईरहेका मागहरु आफैंमा अन्यौंल बनाउने खालका लाग्दैनन् ?**

हामी जनताबाट चुनिएका प्रतिनिधि हौं । हामी तत्कालिन समय नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को साझा घोषणा-पत्रबाट चुनाव लडेका थियौं । हामी चुनिएको पनि सोही घोषणा-पत्रबाट हो । प्रचण्डजी चुनिएको माओवादीको मतबाट मात्रै होइन्, उहाँले एमालेको मत लिएर जितेको हो । उहाँहरु कसरी सहि र हामी गलत ? अर्को कुरा, हामी एमाले भएको कुनै प्रमाण नै छैन् । अनि हामी माओवादी नभएर के त ? तर, यहाँ हामी प्रचण्डका माओवादी चाहिँ हामी बनेनौं ।

> जुन दिन प्रचण्ड र ओली जी मिलेर पार्टी एकता भयो, नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बनाईयो म त्यतिखेरदेखिको स्थायी समिति सदस्य हो । तर, सर्वोच्चले हुँदै नहुने फैसला गरेर कसैलाई एमाले बन भन्यो, कसैलाई माओवादी बन भन्यो । यसरी तोकेर भन्दिनु जरुरी थियो कि थिएन् ? कतिपयका व्यक्तिगत इच्छाका कुरा पनि त थिए ।



> एमालेले स्थायी समिति सदस्य त भन्यो तर, सर्वोच्चले चिनेन । व्यवहारिक रुपमा एमालेको स्थायी समिति सदस्य भईयो तर, कानुनी रुपमा हुन सकिएन । सर्वोच्चले त कानून जान्छ, व्यवहार त चिन्दैन नि ! हामी एमालेमा एमालेका हौं भनेर बसेका छैनौं । हामी नेकपाका नेता पूर्वमाओवादी भनेर बसेका छौं ।

**फेरि विषय दोहोरियो, तपाईं एमालेको स्थायी समिति सदस्य होइन् र ?**

एमालेले स्थायी समिति सदस्य त भन्यो तर, सर्वोच्चले चिनेन । व्यवहारिक रुपमा एमालेको स्थायी समिति सदस्य भईयो तर, कानुनी रुपमा हुन सकिएन । सर्वोच्चले त कानून जान्छ, व्यवहार त चिन्दैन नि ! हामी एमालेमा एमालेका हौं भनेर बसेका छैनौं । हामी नेकपाका नेता पूर्वमाओवादी भनेर बसेका छौं । यस्तो अवस्थामा हाम्रो राजनीतिक भविष्य के ?

अनि अर्कोतिर, प्रचण्ड मात्रै माओवादी होइनन्, वैद्य पनि माओवादी हुन्, विप्लव पनि माओवादी हुन्, गोपाल किँराती पनि माओवादी हुन् । अनि हामी पनि माओवादी हौं ।

**यसरी त सबै विषय खिचडी देखियो त ?**

के गर्ने त ? सर्वोच्चले सबै विषय खिचडी जस्तो बनाए पछि । कहिले एमाले बन भन्छ, कहिले माओवादी बन भन्छ । हाम्रो व्यक्तिगत स्वतन्त्रता पनि छैन् जस्तो गरिदियो ।


**यता एमालेमा ‘जेठ २’ मा फर्किने विषय छ । कता जानुहुन्छ ?**

